आज मिति २०७९ साल माघ २५ गते बुधवार बिहान ८:०० बजे गाउँपालिकाको बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा कार्यक्रममा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता:- श्री अम्बिका आचार्य, सहायक चौथो Ambika

श्री चन्द्रिका थापा, डा.हि. चन्द्रिका

श्री तारानाथ अधिकारी

Scanned with CamScanner

**सम्वत् २०७९ साल माघ २५ गते बुधबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु**

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकका निर्णयहरु समीक्षा सम्वन्धमा। | यस गाउँपालिकाको यस अघि मिति२०७९/१०/११ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | जग्गा खरिद सम्वन्धमा । | वडा नं. ११ स्थित प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटारको नयाँ भवन निर्माण गर्न फिल्डमा जग्गा अपुग भएकोलेऐ वडा निवासी वेद बहादुर रमौलीको बुहारी रोहित बहादुर रमौलीको पत्नि वर्ष ५६ कि सीतामाया मगरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको साविक त्रिभुवन आम्बोटे गाविस कि.नं. ३०९ क्षेत्रफल ०-८-६-० को जग्गाबाट पूर्व तर्फको२ (दुई) धूर जग्गा प्रचलित दर बमोजिम प्रतिधुर रु.१,२५,०००/- (एक लाख पच्चिस हजार) का दरले खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने । |
| ३ | दान प्राप्त जग्गा स्वीकृति तथादर्ता सम्वन्धमा । | गाउँ कार्यपालिकाको मिति २०७९/०९/११ को निर्णयानुसार वडा नं. ११ स्थित लम्सारमा स्थापना गरिएको सामुदायिक स्वास्थ्य इकाई केन्द्रको लागि ऐ वडा निवासी श्री मान बहादुर आलेको नाममा मालपोत कार्यालय, सिन्धुलीमा दर्ता श्रेस्ता कायम रहेको साविक त्रिभुवन आम्वोटे गाविस वडा नं. ६/ख कि.नं. २२ क्षेत्रफल ०-२-१३-० मध्ये उत्तर दिशाबाट ०-१-०-० जग्गा दान यस गाउँपालिकाको नाममा नामसारी पास गर्ने । |
| ४ | 'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र वितरण सम्वन्धमा । | यस गाउँपालिकाको'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा-३ बमोजिम यस कार्यालयमा निवेदन प्राप्त भएको तपसिल बमोजिम फर्मलाई 'घ' वर्गको निर्माण व्यावसायी इजाजतपत्र वितरण प्रदान गर्ने ।<br>(क) पेन्गुइन कन्स्ट्रक्सन एण्ड सप्लायर्स, तीनपाटन गाउँपालिका,वडा नं.-५<br>(ख) डिल्ली रत्न ग्रुप अफ कम्पनी प्रा. लि., गोलन्जोर गाउँपालिका,वडा नं.-५ |
| ५ | खर्च कटौती तथा बजेट रोक्का सम्वन्धमा । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको प.सं. २०७९/८०, च.नं. ३०५, मिति २०७९/१०/२० को पत्रानुसार विभिन्न कारणवश चालु खर्चमा चाँप वढ्न गएको र लक्ष्य अनुरुप राजश्व सङ्कलन हुन नसकेकोले यस गाउँपालिकाको आ.व ०७९/८० को बजेटमा तोकिएबमोजिमको खर्च शिर्षकमा अनिवार्य दायित्व बाहेक |



Scanned with CamScanner

सम्वत् २०७९ साल माघ २५ गते बुधबारको गाउँ कार्यपालिकाको वैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | न्यूनतम २० प्रतिशत खर्च कटौती गर्ने । |
| ६ | कार्यविधि पारित गर्ने सम्वन्धमा । | विधेयक समितिबाट प्राप्त निम्न बमोजिम कार्यविधिहरुमाथि दफावार छलफल गरी पारित गर्ने ।<br>(क) लागत साझेदारीमा बाख्रापालन प्रवर्द्धन कार्यक्रम कार्य सञ्चालन कार्यविधि, २०७९ |
| ७ | गाउँपालिकाको सेवा प्रवाह सुधार गर्ने सम्वन्धमा । | (क) यस कार्यालयको सेवा प्रवाह सम्वन्धी उजुरी तथा गुनासोहरुलाई अभिलेखिकरण गरी यथाशिघ्र सम्वोधन गर्न गाउँपालिकाको कार्यालयमा एउटा उजुरी/गुनासो पेटिका राख्ने ।<br>(ख) गुनासो पेटिका लगायतका माध्यमबाट प्राप्त उजुरी तथा गुनासाहरु तत्काल सम्वोधन हुने व्यवस्था मिलाउने ।<br>(ग) आगामी दिनमा वडा कार्यालयहरु, प्राथमिक स्वास्थ्य केन्द्रहरु, स्वास्थ्य चौकीहरु लगायत यस पालिकाको मातहतका कार्यालयहरुमाउजुरी/गुनासो पेटिका राख्दै जाने । |
| ८ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थानीय तहलाई ६१ वुँदे सूझाव सम्वन्धमा । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थानीय तहको कामकारवाही वारे दिएको ६१ वुँदे सूझावहरुलाई मध्येनजर गर्दै कार्यान्वयन गर्ने,क्रमशः गर्दै जाने । |
| ९ | जिल्ला समन्वय समितिले दिएको सुझाव सम्वन्धमा । | जिल्ला समन्वय समिति, सिन्धुलीको उपप्रमुख श्री शान्ता कार्की ज्यूको संयोजकत्वमा यस कार्यालयको मिति २०७९/०९/२६ मा भएको स्थलगत अनुगमनको क्रममा बुहुक्षेत्रीय पोषण कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न योजना तथा कार्यक्रम, सेवा प्रवाह, सुशासन, LISA, FRRAP नवीनतम् गतिविधिहरुमा छलफल गरीप्रदान गरेको सुझाव आत्मसात गरी क्रमशः कार्यान्वयन गर्ने । |
| १० | विविध । | १. वडा नं. ७ स्थित वाक्सुखोला तेस्रो लघु जलविधुत केन्द्र मर्मत वापत प्राप्त विल बमोजिमको रकम रु.५४,८२९.८६ (चउन्न हजार आड सय उनन्तिस पैसा छयासी मात्र) विविध शिर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।<br>२. वडा नं. ५ स्थित मझुवा वजारमा विजुलीको नाङ्गो तार हटाई इन्सुलेटेड तार फेर्दा लागेको मिस्त्री तथा लेवर खर्च |



Scanned with CamScanner

## सम्वत् २०७९ साल माघ २५ गते बुधबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
| --- | --- | --- |
| | | वापतको रकम रु.४०,०००/- (चालिस हजार) विविध शिर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।<br>३. यस गाउँपालिकाको मिति २०७९/१०/१३ मा भएको कार्यालय सहयोगीको परीक्षामा वैकल्पिक योग्यताक्रममारहेका उम्मेदवारहरुलाईयस कार्यालयको स्वीकृत व्यवस्थापन तथा सर्वेक्षण (O&M) प्रतिवेदन वमोजिम कामकाजको लागि खटाउने ।<br>४. वडा नं. ९ स्थित स्वास्थ्य चौकी, आम्वोटेमा स्वीपर पदमा वडा नं. ९ निवासी श्री कौशल्या घिमिरे (पोखरेल)लाई कामकाजको लागि करार सम्झौता गरी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।<br>५. यस गाउँपालिकाको विभिन्न वडाहरुमा सामुदायिक वन जङ्गल क्षेत्रको व्यापक दोहन भएको भन्ने जनगुनासा आएकोले उक्त कार्यको सम्वन्धित वडा कार्यालयवाट अनुगमन, निरीक्षण तथा सूचना प्रकाशन गरी उक्त कार्य रोक्न पहल गर्ने ।<br>६. यस गाउँपालिकाको विभिन्न वडाहरुमा सामुदायिक वनहरुले वन पैदावारको विक्री वितरण गर्दा यस गाउँपालिकासँग समन्वय नगरेको पाइएकोले विक्रि वितरण सम्वन्धी बैठक वस्दा वडा अध्यक्षसँग अनिवार्य समन्वय गर्न पत्राचार गर्ने ।<br>७. शाखामाडी पुलदेखि लंगुरदोभान हुँदै सिक्रे सम्मको सडक गाउँपालिकाको जेसिवि मेसिनप्रयोग गरी मर्मत गर्ने । साथै, उक्त सडकको आवश्यक स्थानमा प्राविधिक स्टिमेट वमोजिम ह्युम पाइप राख्न लाग्ने खर्च समपूरक कोषवाट व्यहोर्ने ।<br>८. वडा नं. २ स्थित भिमस्थान स्वास्थ्य चौकीको कम्पाउण्ड वाल भित्र श्री पदम बहादुर कामीको नाममा मालपोत कार्यालय, सिन्धुलीमा दर्ता भएको साविक पाटनदेवी गाविस ३/ख कि.नं. १५३ क्षेत्रफल ०-०-१५-० जग्गाको वार्षिक भाडा रु.१२,०००/- (वाह्र हजार) भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । |



Scanned with CamScanner